आज मिति २०८२ साल बैशाख ३१ गते बुधवारका दिन दिउसो २.०० बजे यस नगरपालिकाका प्रमुख श्री सुरेन्द्र श्रेष्ठको अध्यक्षतामा देहायको उपस्थितिमा नगरकार्यपालिकाको ३६ औ बैठक बस्यो।

तपसिल

| क्र.स | पद | नाम ,थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रमुख | श्री सुरेन्द्र श्रेष्ठ | उपस्थित |
| २ | उप प्रमुख | श्री बिजय कृष्ण श्रेष्ठ | उपस्थित |
| ३ | वडा अध्यक्ष,वडा नं.१ | श्री बाबुकाजी डंगोल | उपस्थित |
| ४ | वडा अध्यक्ष,वडा नं.२ | श्री श्रीकृष्ण श्रेष्ठ | उपस्थित |
| ५ | वडा अध्यक्ष,वडा नं.३ | श्री कृष्णहरी आर्चाय | उपस्थित |
| ६ | वडा अध्यक्ष,वडा नं.४ | श्री बालकृष्ण (पात्या) श्रेष्ठ | उपस्थित |
| ७ | वडा अध्यक्ष,वडा नं.५ | श्री बालकृष्ण श्रेष्ठ | उपस्थित |
| ८ | वडा अध्यक्ष,वडा नं.६ | श्री ज्ञानदाशं प्रजापति | उपस्थित |
| ९ | वडा अध्यक्ष,वडा नं.७ | श्री कृष्ण कुमार प्रजापति | उपस्थित |
| १० | वडा अध्यक्ष,वडा नं.८ | श्री रमेश थापा श्रेष्ठ | उपस्थित |
| ११ | वडा अध्यक्ष,वडा नं.९ | श्री सानु काजी राजवहाक | उपस्थित |
| १२ | कार्यपालिका सदस्य | श्री सरस्वती खड्का | उपस्थित |
| १३ | कार्यपालिका सदस्य | श्री सिता विश्वकर्मा | उपस्थित |
| १४ | कार्यपालिका सदस्य | श्री शर्मिला विश्वकर्मा | उपस्थित |
| १५ | कार्यपालिका सदस्य | श्री उजला थापा श्रेष्ठ | उपस्थित |
| १६ | कार्यपालिका सदस्य | श्री तुईल माया चक्रधर | उपस्थित |
| १७ | कार्यपालिका सदस्य | श्री सरोज परियार | उपस्थित |
| १८ | कार्यपालिका सदस्य | श्री जसे सार्की | अनुपस्थित |
| १९ | कार्यपालिका सदस्य | श्री बालकृष्ण परियार | उपस्थित |
| २० | सदस्य-सचिव | श्री राम बहादुर के.सी | उपस्थित |

आमन्त्रित

| | | | |
|---|---|---|---|
| १ | महाशाखा प्रमुख | श्री केशब सिलवाल | उपस्थित |
| २ | महाशाखा प्रमुख | श्री ज्ञानेन्द्र प्रसाद भट्ट | उपस्थित |
| ३ | महाशाखा प्रमुख | श्री तुलशी भक्त तको | उपस्थित |
| ४ | प्रशासन शाखा | श्री सुब्रिन कुमार चिमौरिया | उपस्थित |
| ५ | व.ई | श्री कृष्ण गोपाल श्रेष्ठ | उपस्थित |
| ६ | ब.क. सहायक | श्री सन्दिप प्रजापति | उपस्थित |



स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

२०८२/१/३१
राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

छलफलका विषयहरुः

१. आ.ब २०८२।०८३ को नीति तथा कार्यक्रम र बजेट निर्माण सम्वन्धमा ।
२. कार्यविधि सम्वन्धमा ।
३. विविध।

निर्णय नं १ .

आ.ब २०८२।०८३ को नीति तथा कार्यक्रम र बजेट मसौद्धा तयार गर्न देहाय बमोजिमका नीति तथा कार्यक्रम र बजेट मसौद्धा तयारी समिति गठन गर्ने निर्णय गरियो ।

तपसील

१. संयोजक :- प्रमुख प्रशासकीय अधिकृत , मध्यपुर थिमि नगरपालिका
२. सदस्य :- सामाजिक विकाश महाशाखा , मध्यपुर थिमि नगरपालिका
३. संदस्यः- आर्थिक विकाश महाशाखा , मध्यपुर थिमि नगरपालिका
४. सदस्यः- योजना शाखा , मध्यपुर थिमि नगरपालिका
५. सदस्यः- आर्थिक प्रशासन शाखा , मध्यपुर थिमि नगरपालिका
६. सदस्यः- आर्थिक व्यवस्थापन शाखा , मध्यपुर थिमि नगरपालिका
७. सदस्य-सचिबः- प्रशासन तथा कानून महाशाखा , मध्यपुर थिमि नगरपालिका

समितिले आवश्यकता अनुसार अन्य कर्मचारीलाई बैठकमा आमन्त्रण गर्न सक्ने छ ।

निर्णय नं २ .

चालु आ.ब २०८१/०८२ का लागी बागमती प्रदेश सरकारबाट हस्तान्तरीत कृषि व्यवसाय प्रवद्र्धन कार्यक्रम च्याउ खेती कार्यक्रम (शसर्त अनुदान) अन्तर्गतको स्थानीय तहमा विनियोजित कार्यक्रम कार्यविधि, २०८१ बमोजिम कार्यक्रम सञ्चालनको लागि देहाय बमोजिमका मापदण्ड स्वीकृत गरिएको छ ।

तपसिल

मध्यपूर थिमि नगरपालिकाको कृषि व्यबसाय प्रवद्र्धन कार्यक्रम च्याउ खेती कार्यक्रम मापदण्ड

चालु आ.ब २०८१/०८२ का लागी बागमती प्रदेश सरकारबाट हस्तान्तरीत कृषि व्यवसाय प्रवद्र्धन कार्यक्रम च्याउ खेती कार्यक्रम (शसर्त अनुदान) अन्तर्गतको स्थानीय तहमा विनियोजित कार्यक्रम कार्यविधि, २०८१ बमोजिम कार्यक्रम सञ्चालनको लागि निम्न लिखित मापदण्ड निर्धारण गरिएको छ ।

तपसिल



स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

२०८२।१।१ रबि बहादुर के.सी. प्रमुख प्रशासकीय अधिकृत

१. स्थानीय तहमा विनियोजित शसर्त अनुदान कार्यक्रम कार्यविधि, २०८१ लाई आधार मानि कार्यक्रम संचालन गरिनेछ।

२. यो कार्यक्रमका लाभग्राही मध्यपुर थिमि भित्र च्याउ खेती गरिरहेका कृषक तथा कृषि फार्म योग्य हुनेछन ।

३. यो कार्यक्रमको लागि कन्ये च्याउ, गोब्रे च्याउ र सिताके च्याउ मध्येको हुनुपर्नेछ ।

४. कार्यक्रम संचानार्थ २१ दिनको सुचना प्रकाशन गरी सोही बमोजिम साझेदार संस्था छनोट गरिनेछ।

५. स्थानीय तहमा विनियोजन सशर्त अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि ,२०८१ को परिच्छेद २ को दफा ६ को उपदफा १ बमोजिम पुजिगत प्रकृतिका कार्यक्रमहरु कृषि पुर्वाधार ,संरचना निमार्ण आदीको हकमा बढीमा ८० % सम्म र चालु प्रकृतीका उत्पादन सामाग्री खरिदमा बढीमा ५०% सम्म प्रोत्साहन रकम प्रदान गरीने छ।

६. गत आ .ब २०८०/०८१ सम्मको कर चुक्ता भएको प्रमाण पत्र हुनुपर्नेछ ।

७. यस कार्यक्रमको संचालनको लागी निम्न लिखित अनुसार बजेट परिचालन गरिनेछ ।

| खर्च शिर्षक | प्रतिशत | कुल रकम |
|---|---|---|
| कार्यक्रम खर्च | ९७% | १९,४०,०००। |
| कन्टिनजेंसी खर्च | ३% | ६०,०००। |
| जम्मा | | २०,००,०००। |

८. च्याउ खेतीकार्यक्रम संचालनका आधारहरु :

| बाली ,बस्तु | ईकाइ | जम्मा | कैफियत |
|---|---|---|---|
| कन्ये तथा गोब्रे च्याउ | के .जी | १७०० | |
| सिताके च्याउ | मुडा संख्या | ८४०० | |

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

२०८२/१/२९
राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची -१

सूचनाको नमुना

कृषि व्यवसाय प्रवर्दन कार्यक्रम च्याउ  खेति कार्यक्रम

मध्यपुर थिमि नगरपालिकाको कार्यालय

सूचना न.........

सूचना प्रकाशित मिति......................

आ .व. २०८१/८२ मा मध्यपुर थिमि नगरपालिकामा कृषि व्यवासय प्रवर्दन कार्यक्रम (च्याउ खेति कार्यक्रम)स्थानीय तहमा विनियोजन ससर्त अनुदान कार्यक्रम कार्यन्वयन कार्यविधि २०८० ,अनुसार संचालन गर्नुपर्ने भएकाले इच्छुक  कृषि समूह /कृषि सहकारी/कृषि फर्महरुले आवश्यक कागजात सहित यो सूचना प्रकशित भएको मितिले २१ औं दिन भित्र यस मध्यपुर थिमि नगरपालिकामा कृषि विकास शाखामा तोकिएको ढाँचा अनुसूची -२ अनुसार आवेदन दर्ता गर्नुहुन सम्वन्धित सबैमा जानकारी गराइन्छ । साथै यस विषयमा थप जानकारीका लागि कृषि विकास शाखामा सम्पर्क गर्न सकिने छ ।

निवेदनका साथ पेश गर्नुपर्ने कागजातहरु

१. अनुसूची -२ अनुसार आवेदन,

२. निवेदनको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि ,

३. अनुसूची -३ अनुसार प्रस्ताव आवेदन,

४. संस्था दर्ता तथा नविकरण गरेको प्रमाणपत्र,

५. संस्थाको बैठकको निर्णयको प्रतिलिपि समूह / सहकारीको हकमा,

६. संस्थाको स्थायी लेखा नम्बर PAN  र कर चुक्ता,

७. स्थानीय तहको वा संबन्धित वडा कार्यालयको सिफारिस पत्र,

८. कार्यक्रम संचालन हुने स्थानको स्वामित्व खुल्ने कागजात वा भाडाको जरगा भएमा कम्तीमा ५ वर्षको सम्झौता  ,

९. नेपाल सरकारबाट सोहि प्रकृतिको नलिएको प्रतिबद्धता पत्र,

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

२०८१।१।१९

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची -२

आवेदन फारम

मितिः

श्रीमान प्रमुखज्यू,

..............................................

विषय : कार्यक्रममा समावेश हुन पाउ ।

महोदय, प्रस्तुस विषयमा त्यहाँ कार्यालयको नामबाट मिति ......................मा प्रकासित सूचना अनुसार कृषि व्यवसाय प्रवर्दन कार्यक्रम( च्याउ खति कार्यक्रम) संचालनका लागि तपसिलमा उल्लेखित आवश्यक कागजात यसै साथ संलग्न गरि यो आबेदन पेश गरेको छु . यस आवेदन साथ संलग्नकागजात तथा सुचनाहरु जाने बुझे सम्म ठिक छन् यदि झुटो ठहरिएमा आवेदन खारेज गरी सो अनुसार कारवाही भएमा कानुन वमोजिम सहुँला बुझाँउला ।

संलग्न कागजातहरु

१. निवेदनको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि,

२. अनुसूची -३ अनुसार प्रस्ताव आवेदन,

३.संस्था दर्ता तथा नविकरण गरेको प्रमाणपत्र,

४. संस्थाको वैठकको निर्णयको प्रतिलिपि समूह/सहकारीको हकमा,

५. संस्थाको स्थायी लेखा नम्बर PAN र करचुक्ता,

६. स्थानीय तहको वा संवन्धित वडा कार्यालयको सिफारिस पत्र,

७.कार्यक्रम संचालन हुने स्थानको स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तीमा ५ वर्षको समझौतानामा ,

८. नेपाल सरकारबाट सोहि प्रकृतिको नलिएको प्रतिबद्धता पत्र,

आवेदक

नामः

ठेगाना :

छाप

पदः

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

२०८२।१।२९

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची -३

### प्रस्ताव

१.आवेदक र सम्पर्क व्यक्ति सम्बन्धी विवारण

| | |
|---|---|
| आवेदकको नाम | |
| ठेगाना | |
| संस्था दर्ता भएको मिति | |
| स्थायी लेखा नम्बर | |
| संस्थाको मुख्य उदेश्य | |
| प्रोप्राइटरको नाम | |
| मोबाइल न . | |
| कार्य क्षेत्र | |
| अनुभव | |
| प्रस्तावित कार्यक्रमको कुल खर्च | |
| माग गरेको कुल रकम रु. | |

२. आवेदकसंग हाल भएको जनशक्ति विवरण

| क .स | नाम थर | शैक्षिक योग्यता | कार्य अनुभव क्षेत्र | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |

३. लाभान्वित हुने कृषक घरधुरी

| क .स | नाम थर | ठेगाना | हालको व्यवासय | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |

४. प्रस्तावित क्रियाकलापहरू



स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका

२०८१।१।२९
राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

क. चालु र पुजीगत क्रियाकलापहरु खर्चको विवरण

| क .स | क्रियाकलापको विवरण | ईकाइ | परिमाण | जम्मा लागत रु. | कार्यक्रमबाट बेहोर्ने | साझेधारले बेहोर्ने |
|---|---|---|---|---|---|---|
| चालु प्रकृतिका क्रियाकलापहरु | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| पुजीगत प्रकृतिका क्रियाकलापहरु | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

५. प्रस्तावित कार्यक्रमवाट हुने उपलब्धि

-

-

-

-

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

e.2.7 २०८२।१।१२
राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

६.आवश्यकप्रविधिको विवरण

-

-

अनुसूची -४

<u>दोहोरो सुविधा नलिएको प्रतिबद्धता पत्र</u>

आ .व. २०८१/८२ मा यस मध्यपुर थिमि नगरपालिकाको मिति ...........................को सूचना अनुसार कृषि व्यवसाय प्रवर्दन कार्यक्रम (च्याउ खेति कार्यक्रम )संचालनको सहभागिताको लागि इच्छुक भई सोको प्रस्ताव सहितको आवेदन पेश गरेको छु/छौ .उक्त ...............................कृषि समूह /कृषि सहकारी/कृषि फर्महरुले विगत २ आ.व मा नेपाल सरकारवाट सोहि प्रकृतिको कुनै पनि अनुदान नलिएको प्रतिबद्धता जनाउदछु .

आवेदक:

नाम:

पद:

ठेगाना:

मिति:

सम्पर्क न.:

दस्तखत:

छाप:

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-५

<u>प्रस्ताव मूल्यांकनको आधार</u>

| क.स. | विवरण | अंकभार | प्राप्त अंक |
|---|---|---|---|
| १ | आवश्यक कागजातहरुको संग्लनता | ६ | |
| २ | लक्षित वर्ग क्षेत्र र मापदण्ड अनुरुप आवेदकको उपयुक्तता | १२ | |
| ३ | प्रस्तावित कार्ययोजना अनुरुप सामाजिक भौगोलिक र वातावरण उपयुक्तता | १२ | |
| ४ | कार्ययोजनामा प्रस्तावित क्रियाकलापहरुको सान्दर्भिकता र कार्यक्रमसंगको तालमेल | १५ | |
| ५ | कार्ययोजनामा लागत साझेदारी आकलन | ५ | |
| | जम्मा | ५० | |

आवेदक

नामः ठेगाना :

छाप पदः

निर्णय नं ३ .

यस नगरपालिका क्षेत्रभित्र नक्शा पास नगरी बनेका साथै नक्शा पास गरेको तर निर्माण गर्दा हेरफेर भएका घरहरुको नक्शा पास नियमित, घर नक्शा अभिलेखिकरण र निर्माण सम्पन्न गर्ने प्रयोजनका लागि मिति २०८१।०९।२९ गते नगर सभाबाट निर्णय भए बमोजिम यस नगरपालिकाबाट मिति २०७७ साल फाल्गुन १७ गते गोरखापत्र दैनिकमा प्रकाशित सूचना अनुसार रोक्का भएका क्षेत्रहरुमा यस नगरपालिकाको भौतिक पूर्वाधार विकास तथा निर्माण सम्बन्धी विनियमावली (मापदण्ड) २०५७ (दोस्रो संशोधन २०७९) को विनियम ५६ बमोजिम यो सूचना प्रकाशित भएको मितिले घर नक्शा सहित eBPS मार्फत मिति २०८२।०७।३० गते भित्र घर नक्शा नियमित, अभिलेखिकरण गर्न तथा निर्माण सम्पन्न प्रमाणपत्र लिन लागि मिति २०८२।०२।०१ गतेको राष्ट्रिय दैनिक गोरखापत्रमा सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

निर्णय नं ४ .

चालु आ.ब २०८१।०८२ मा संचालित योजना तथा कार्यक्रमहरुको सम्झौता गर्ने म्याद २०८२ साल जेष्ठ ७ गते सम्म थप गर्ने निर्णय गरियो ।

स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका
२०७३

२०८२।१।२९
राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं ५

यस नगरपालिकाबाट सञ्चालित नेपाल कोरिया मैत्री नगरपालिका अस्पतालको प्रतिक चिन्ह ( लोगो ) देहाय बमोजिम स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिल

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

[redacted]

नेपाल कोरिया मैत्री नगरपालिका अस्पताल

२०५६

स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका
२०७२

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

[redacted]

निर्णय नं ६ .

यस नगरपालिका वडा नं ५ (साबिक बालकुमारी - ८ कि.नं ४५) मा यस नगरपालिकाबाट संचालित नेपाल कोरिया मैत्री नगरपालिका अस्पताल पहिलो फेज ५० बेडको अस्पताल भवन सन् १७ जनवरी २००७ मा दक्षिण कोरिया सरकार को सहयोगमा नेपाल सरकार र दक्षिण कोरिया सरकार बिच सम्झौता भई निर्माण भएको र दोश्रो फेजको हाल संचालनमा रहेको सो अस्पतालको उत्तर पुर्वी भागमा अध्याधुनिक भवन निर्माणका लागि नेपाल सरकार र दक्षिण कोरिया सरकार बिच १५ नोभेम्बर , २०२२ मा RoD र ११ जुलाई ,२०२३ मा MoU सम्झौता भई दक्षिण कोरिया सरकारको सहयोगमा निर्माण कार्य भैरहेकोले उक्त कि.नं ४५ को ४८ रोपनी ४ आना २ पैसा मध्ये १८ रोपनी जग्गा मध्यपुर थिमि नगरपालिकाले नेपाल कोरिया मैत्री नगरपालिका अस्पताल विस्तार गरी अस्पतालको भवन निर्माण गर्नका लागि सरकारी जग्गा दर्ता ,उपयोग तथा लिजमा उपलब्ध गराउने सम्वन्धी कार्य कार्यनिति बमोजिम उक्त जग्गा उपयोग गर्नका लागि नेपाल सरकार भुमि व्यवस्था,सहकारी तथा गरिवी निवारण मन्त्रालयमा सिफारिस गरिदिन लागि नेपाल सरकार (संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र स्वस्थ्य तथा जनसंख्या मन्त्रालय ) संग अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं ७

मध्यपुर थिमि नगरपालिका ९ स्थित शुभ श्री जगदम्बा डेभ्लपर्स प्रा.लि.को हाल परिवर्तित सौरभ विजनेस सेन्टर प्रा.लि.ले यस नगरपालिकाबाट अनुमति नलिई निर्माण गरेको १४ तल्लाको अर्पाटमेण्ट भवनको सन्दर्भमा श्री सम्मानित उच्च अदालत पाटनले मिति २०८१।८।१८ गतेका दिन जे जो बुझन पर्ने बुझि ३ महिना भित्र निकासा दिनु भन्ने समेत यस नगरपालिकाको नाममा परमादेश जारी भएकोले सो सम्बन्धमा उक्त भवनको हालको अवस्था ,प्रचलित मापदण्ड तथा साबिकको कानुन तथा मापदण्ड समेत अध्ययन गरी के कसरी निकासा दिन सकिन्छ राय सहितको प्रतिवेदन लिन कुन कुन बिषयमा विज्ञ प्राविधिकहरु आवश्यक पर्ने हो सो सम्बन्धमा विज्ञहरु पहिचान गरी सिफारिस गर्न मिति २०८१।०९।२५ को नगर कार्यपालिकाको निर्णय बमोजिम नगर-उपप्रमुखको संयोजकत्वमा सात सदस्य सिफारिस समिति गठन भएको ।

यस नगरपालिका वडा नं ९ राधे राधे स्थित शुभ श्री जगदम्बा डेभ्लपर्स प्रा.लि. को हाल परिवर्तित नाम सौरभ बिजनेस सेन्टर प्रा.लि.ले नगरपालिकाको स्वीकृत विना निर्माण गरेको भवनको सम्वन्धमा मालपोत तथा नापी विज्ञ , जियोटेक विज्ञ , स्ट्रक्चरल विज्ञ, आर्टिटेक विज्ञ, भवन विभाग, भवन निर्माण सम्बन्धित कानून विज्ञ आवश्यक देखिदा सम्वन्धित क्षेत्रमा विज्ञ रहेको नेपाल सरकारको आधिकारीक कार्यालय तथा निकायबाट सो भवनको प्राविधिक तथा कानूनी विषयमा अध्ययन गरी राय सहितको प्रतिवेदन लिन उपयूक्त देखिएको भनि



स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

२०८२।१।२१
राग बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

उक्त समितिले मिति २०८१।१२।१३ गते नगरकार्यपालिकामा सिफारिस साथ प्रतिबेदन पेश गरेको देखिन्छ।

उक्त बिषयमा सो भवनको सम्बन्धमा हालको अवस्था, प्रचलित कानुन तथा मापदण्ड, साबिकको कानुन तथा मापदण्ड लगायत प्राविधिक तथा कानुनी पक्षको समेत प्रतिबेदन पेश गर्ने प्रयोजनका लागि पुल्चोक इन्जिनियरिङ क्याम्पसबाट संचालित श्री इन्टिच्यूट अफ इन्जिनियरिङ कन्सलटेन्सी सर्भिसेस,पुल्चोक, ललितपुर संग परामर्श सेवा खरिद गर्न अनुरोध गर्ने २०८१ साल चैत्र २१ को नगरकार्यपालिकाको बैठकबाट निर्णय भई भएको ।

यस नगरपालिकाबाट अनुमति नलिई वडा नं ९ स्थित शुभ श्री जगदम्बा डेभ्लपर्स प्रा.लि. को हाल परिवर्तित नाम सौरभ विजनेस सेन्टर प्रा.लि.बाट निर्माण गरेको १४ तल्लाको अर्पाटमेण्ट भवनको सन्दर्भमा श्री सम्मानित उच्च अदालत पाटनले मिति २०८१ मंसिर १८ गतेका दिन जे जो बुझ्न पर्ने बुझि निकासा दिनु भन्ने यस नगरपालिकाको नाममा परमादेश जारी भएकोले सो भवनको हालको अवस्था, प्रचलित मापदण्ड, साबिकको कानुन तथा मापदण्ड लगायत प्राविधिक तथा कानुनी पक्षको समेत अध्ययन गरी प्रतिवेदन दिई सहयोग गरिदिनु हुन मिति २०८१।१२।२१ गतेको नगर कार्यपालिकाको निर्णय अनुसार मितिः २०८१।१२।२५ श्री इन्टिच्यूट अफ इन्जिनियरिङ कन्सलटेन्सी सर्भिसेस,पुल्चोक, ललितपुरलाई परामर्श सेवाको लागि अनुरोध भएको ।

उक्त कार्यका लागि श्री इन्टिच्यूट अफ इन्जिनियरिङ कन्सलटेन्सी सर्भिसेस , पुल्चोक , ललितपुरबाट रु. ३४,८३, ८६९। ७३ (अक्षरेपी चौत्तिस लाख त्रियासी हजार आठ सय उन्नान सत्तरी रुपैया त्रिहत्तर पैसा मात्र ) लाग्ने आर्थिक प्रस्ताव पेस गरेकोले वजेटको सुनिश्चितता सहित सो आर्थिक प्रस्ताव स्विकृत गरी सार्वजनिक खरिद ऐन २०६३ को दफा ४१ (१) को (घ१) बमोजिमको उक्त सस्था संग परामर्श सेवा खरिद गर्ने र सो विषय संग सम्वन्धित प्राविधिक र कानूनी पक्षको समेत अध्ययन गरी सम्झौता भएको मितिले ५ महिना भित्र प्रतिवेदन नगरपालिकामा पेश गर्ने गरी सम्झौता गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं ८ .

२०८२ जेष्ठ १ देखि ऐ. ८ सम्म दक्षिण कोरिया सोलमा हुने "2025 invitational Training for the construction of Nepal Korea Friendship municipality Hospital ( NKFMH) in Nepal" तालिममा



स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

८.२.१ २०८२।१।२१ राम बहादुर के.सी. प्रमुख प्रशासकीय अधिकृत

सहभागी हुन नेपाल सरकार र यस नगरपालिकालाई कुनै आर्थिक भार नपर्ने गरि नगर प्रमुख श्री सुरेन्द्र श्रेष्ठ र नगर उप प्रमुख श्री बिजय कृष्ण श्रेष्ठलाई अनुमति दिने निर्णय गरियो ।

निर्णय नं ९ .

चालु आ. व. मा देहाय बमोजिमका सामग्रीहरुको नगर दररेट नभएकोले प्राविधिकबाट सिफारिस साथ पेश हुन आएका निम्न अनुसार दररेट स्वीकृत गर्ने निर्णय गरयो ।

तपसिल

| S.No | Description of works | Size | Unit | Rate |
|---|---|---|---|---|
| 1 | घण्टा (ढलोट) | २५ किलो | 1 pcs | ९,०००.भ्याट बाहेक |
| 2 | supplying and fixing of 12 mm clear Toughen Glass swing door with proper cutout, connector patches, in/out handles, door lock set, plastic profile with all accessories all complete s per instruction of site engineer | 1 | Sqft | 1450 भ्याट बाहेक |
| 3 | Khasa Lwo of wide 9" and 5" Thick | 1 | rft | 1390 भ्याट बाहेक |
| 4 | हिटी मंगल | २४ x ५x १० इन्च | १ | २५,४२५. भ्याट बाहेक |
| ५ | भागिरथ मुर्ति | ८x१२x३ इन्च | १ | १,५२० . भ्याट बाहेक |

निर्णय नं १० .

यस नगरपालिका वडा नं १ को वडा स्तरीय योजना कार्की गल्ली ढुंगा छपाई शीर्षकमा रु.५ लाख वजेट विनियोजन भएकोमा उक्त वजेटले योजना अधुरो भएकोले पुर्णताका लागि देहायका शिर्षकबाट रु. ३,४५,०००। ( अक्षरेपी तिन लाख पैतालिस हजार मात्र) बजेट आगामी नगरसभा बाट अनुमोदन गर्ने गरी रकमान्तर गर्ने निर्णय गरियो ।

तपसिल

१. लोकन्थली घर अगाडी ढुंगा छपाई - रु. ७६,०००।

२. स्वागत मार्ग ढुंगा छपाई - रु. ८०,०००।

३. मझेरी क्याफे ढुंगा छपाई - रु. ४८,०००।

४. मनोहरी भण्डारीको घर देखी विग मार्ग सम्मको बाटो स्तरो उन्नतरी ढुंगा छपाई - रु. १,४१,०००।



स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

२०८२।१।२१
राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं ११ .

यस नगरपालिका स्थित महेन्द्र मा.बि भवन निर्माणका लागि वागमति प्रदेश सरकारबाट विशेष अनुदान वापत रु. ६५ लाख प्राप्त भएकोमा उक्त योजनको कुल लागत अनुमान गर्दा रु. १,३०,६०,४९३।२६ देखिएकोले उक्त योजना क्रमागत योजनामा राखी वजेट श्रोत सुनिश्चितताक लागि आगामी नगर सभामा पेस गर्ने निर्णय गरियो ।

निर्णय नं १२ .

मध्यपुर थिमि नगरपालिकाको सहकारी ऐन, २०७९ लाई संशोधन गर्न बनेको ऐन, २०८१ को दफा ८१ बमोजिम गठित व्यवस्थापन समितिमा रहने पदाधिकारीहरु ( सोहि दफाको (१) को क,ख,ङ र च ) लाई नेपाल सरकारले तोकेको न्युनत्तम तलव स्केलमा नघटने गरी मासिक पारिश्रमिक उपलब्ध गराउने र उक्त कार्यका लाई सम्झौता गरी कार्यदिश दिन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो । ऐनमा तोकिएका पदाधिकारीहरुको योग्यता एक तह माथि भएको अवस्थामा एक तह माथिको तलव स्केल दिन सकिने छ ।

निर्णय नं १३ .

यस नगरपालिका वडा नं २ सानोठिमी स्थित बालग्रामको उत्तर पचिम तर्फ पार्क निर्माण गर्न संघीय सरकार बाट रु. पचास लाख विनियोजन गरेकोमा सो स्थानमा विविध कारणले पार्क निर्माण हुन सक्ने अवस्था नभएको भनि वडा नं २ वडा समितिबाट निर्णय सहित अनुरोध भई आएको हुदा सो बजेटबाट सोहि वडाको नाटयश्वरीमा पार्क निर्माण गर्ने निर्णय गरीयो ।

निर्णय नं १४ .

यस नगरपालिका वडा नं १ स्थित वडा कार्यालयको पुर्व तर्फको बाटो सुधार कार्य गर्न २०७९।०२।३० मा विष्णु एण्ड कृष्ण कन्ट्रक्शन प्रा.लि संग रु. ५८,३५,३९२।९९ ( भ्याट प्रोभिजनल सम तथा कन्टेन्जेन्सी बाहेक ) सम्झौता भई २०७९।०९।३० मा सम्म सम्पन्न गर्न पर्ने शर्तमा यस नगरपालिका संग सम्झौता भएकोमा विभिन्न बाधा अवरोध,प्राकृतिक विपति एबंम निर्माण कम्पनीले लापरबाही बाबजुत २०८१।१०।०७ मा निर्माण कम्पनीले पेश गरेको म्याद थप अनरोध सम्बन्धी निवेदन सम्बन्धमा यस न.पाको २०८१।१०।१८ को म्याद सम्बन्धि निर्णय , २०८१।१० ।२० को भेरिएशन अडर-१ सम्बन्धी



स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

२०८२।१।२१
राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

निर्णयलाई अनुमोदन गरि लागत अनुमान भन्दा -२०.३० प्रतिशत भौतिक प्रगति सहित २०८१।११।१८ मा निर्माण सम्पन्न गरेकोले निजले सम्झौतानुसार तोकिएको समय भित्र कार्य सम्पन्न गरेको नदेखिएकोले सो कार्य सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम पुर्व निधारित क्षतिपुर्ति सहित सम्झौता रकमको १० प्रतिशत बराबरको रकम जरीवाना गरी कानुन बमोजिम अन्तिम भुक्तानी प्रक्रिया कार्य अगाडी वढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं १५.

यस नगरपालिका स्थित बालकुमारी तथा चपाचो क्षेत्रको विभिन्न बाटोहरुमा सडक बत्ति जडानका लागि ४५० वटा नेवारी परम्परगत शैलीको सेरामिक्स झुमर दलु बत्ति रु ५,९७,३३०.४० ( पाच लाख सन्तानब्य हजार तिन सय तिस रुपैया चालिस पैसा मात्र ) ( भ्याट तथा कन्टेन्जेन्सी समेत ) सार्वजनिक उपयोगिताको सेवा खर्च शिर्षकबाट भुक्तानी दिने गरी खरिद कार्य अगाडी वढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं १६ .

यस नगरपालिका वडा नं ६ को वडा स्तरीय बजेट कार्यक्रम खर्चबाट रु.१५०,०००।( एक लाख पचास हजार मात्र ) रकमान्तर गरी विश्व विनायक खट निर्माण गर्ने निर्णय गरियो ।

निर्णय नं १७ .

२०८२ साल असार ९ गते सोमवारका दिन विहान ८: ०० बजे मध्यपुर थिमि नगरपालिका वडा नं ३ स्थित थिमि बैकेटमा बस्ने गरि यस नगरपलिकको १२ औ नगर अधिवेशन आब्हान गर्ने निर्णय गरियो ।

निर्णय नं १८.

यस नगरपालिकाको संस्कृति संरक्षण एव संवर्द्धनका लागि सीप तथा प्रविधि हस्तान्तरण सम्बन्धी मापदण्ड, २०८१ मा देहाय बमोजिम को दफा थप गरी स्विकृत गर्ने निर्णय गरियो



स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७२

२०८२।१।६।

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

तपसिल

संस्कृति संरक्षण एव संवर्द्धनका लागि सीप तथा प्रविधि हस्तान्तरण सम्बन्धी मापदण्ड, २०८१ लाई संशोधन गर्न बाञ्छनीय भएकोले, कार्यपालिकाले यो मापदण्ड संसोधन गरेको छ ।

**सक्षिप्त नाम र प्रारम्भः**

(१) यस मापदण्डको नाम संस्कृति संरक्षण एव संवर्द्धनका लागि सीप तथा प्रविधि हस्तान्तरण सम्बन्धी मापदण्ड, २०८१ (पहिलो संशोधन - २०८२ )

(२) यो मापदण्ड कार्यपालिकाबाट स्विकृत भै स्थानीय राजपत्रमा प्रकाशित भएको मितिबाट लागु हुनेछ ।

**मूल मापदण्डमा संसोधन दफा ७.१ थप गरि भुक्तानी प्रक्रिया सम्बन्धमा देहायका उपदफाहरू थप गर्ने**

७.१ भुक्तानी प्रक्रिया :

१) नगरकार्यपालिकाबाट निर्णय भई स्वीकृत भएको वजेटको परिधि भित्र रही आधिकारिक समुह वा समितिले आफै कार्य गर्ने गरी न.पाले उक्त समुह वा समितिलाई नपाको तर्फवाट ७० प्रतिशत र सम्वन्धित समुह वा समितिबाट ३० प्रतिशत लागत साझेदारीमा हुने गरी सहयोग रकम उपलब्ध गराउन सकिने छ ।

२) नगरकार्यपालिकाबाट लागत साझेदारी सहित स्वीकृत भएको रकम मध्ये ७५ प्रतिशत रकमवाट संस्कृति संरक्षण एंव संवर्द्धनका लागि आवश्यक पर्ने जिन्सी सामानहरु खरिद गर्नुपर्ने छ र २५ प्रतिशत रकम मध्येबाट उक्त प्रविधि संग सम्वन्धित सीप सिकाई तथा तालिम संचालन गनुपर्ने छ ।

३) संस्कृति संरक्षण एवं संवर्द्धनका लागि आवश्यक पर्ने जिन्सी सामानहरुको विज्ञता जानकार सम्वन्धित समिति तथा समुह हुने भएको हुदां उक्त जिन्सी सामाग्रीहरुको सम्वन्धमा सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम समिति तथा समुहले आफै खरिद गरि भुक्तानीका लागि सक्कल विल भपाई सहित आवश्यक कागजातहरु नपामा पेश गर्नु पर्ने छ ।

४)तोकिएको कार्यहरु सम्पन्न भएको भनि वडा स्तरीय अनुगमन समितिबाट भुक्तानीको लागि सिफारीस गनुपर्ने छ । वडा स्तरीय अनुगमन समितिवाट सिफरीस साथ पेश हुन आएका विल भपाई तथा सम्वन्धित अन्य कागजातहरुको मुल्यांकन गरी सोको आधारमा कार्यालयले भुक्तानी प्रक्रिया बढाउनु पर्ने छ ।

निर्णय नं १९.

जिल्ला प्रशासन कार्यालय भक्तपुरको समन्वयमा तयार भएको विद्यालय योग शिक्षा कार्यक्रमको अवधारणा पत्र स्वीकृत गर्ने तथा मिति २०८२।०२।३१ गते हुने योग शिक्षक प्रशिक्षण लगायतको कार्यक्रमका सहभागी लगायतका लागि खाना खाजा लगायतको व्यवस्थापनका लागि आवश्यक पर्ने बजेट चालु आ व मै व्यवस्था गर्ने र आगामी आ.व मा सामुदायिक विद्यालयमा योग शिक्षा कार्यक्रम सञ्चालनका लागि आवश्यक व्यवस्था मिलाउने निर्णय गरियो ।

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

२०८२।१।२९

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं २०.

यस न.पा क्षेत्र भित्रका विभिन्न साँस्कृतिक समूहलाई , विभिन्न किसिमका बाजा लगायत अन्य सीप सिकाई तथा भौतिक सामग्री सहित प्रविधि हस्तान्तरणलाई समय सापेक्ष, प्रभावकारी, व्यवस्थित र पारदर्शी बनाउन मिति २०८१।१२।१२ मा प्रकाशित सूचना बमोजिम वडाको सिफारिस साथ पर्न आएका निवेदन अनुसार देहायका संस्था हरुलाई सीप सिकाई र भौतिक सामग्री सहित प्रविधि हस्तान्तरण गर्ने प्रयोजनका लागि ३० प्रतिशत् सीप सिकाई र ७० प्रतिशत भौतिक सामग्रीका लागि सहयोग गर्ने निर्णय गरियो ।

तपसिल

| | | |
|---|---|---|
| १ | महाकाली नाच , नगदेश ७ | ५००००० |
| २ | तजिलजी पुच ,५ | ५००००० |
| ३ | महाकाली नाच ,वानगी , ५ | २००००० |
| ४ | भैल नाच नगदेश , ७ | ५००००० |
| ५ | लायकु भैल , ४ | ५००००० |
| ६ | पुलुकिसी नाच , सागबारी , ३ | ३००००० |
| ७ | ज्वापू ननी बासुरी खल नगदेश-७ | ५००००० |
| ८ | लायकु दरबार , नगदेश , खाँ पिहा वयगु जात्रा -७ | ३००००० |
| ९ | रामायण भजन मण्डल ६ वटा ( प्रति १लाख ) | ६००००० |
| १० | सलाचा प्याख पोवू , ५ | ३००००० |
| ११ | बालकुमारी नित्य भजन , ४ | ३००००० |
| १२ | श्री गाचा इनाए धिमे खल, छत्र बनाउने , ५ | १७५००० |
| १३ | ताहानानी बासुरी खलः, ५ | ३००००० |
| १४ | श्री सिद्वी गणे द्य दाफा भजन खल-७ | २५०००० |
| १५ | बालकुमारी बासुरी खलः, ४ | ३००००० |
| १६ | श्री सिद्धि गणेश दाफा भजन खलः,१ | २००००० |
| १७ | तिलगेश्वर महादेव भजन मण्डली ,१ | १००००० |
| १८ | सिद्दिकाली छत्र गुठी , १ | १७५००० |
| १९ | रामेश्वर मन्दिर भजन समूह-२ | ७५००० |
| २० | चन्द्रेश्वर मन्दिर भजन समूह-२ | ७५००० |
| २१ | एकादशी महिला भजन समूह-२ | ७५००० |
| २२ | श्री नव दुर्गा भजन मण्डल-३ | १००००० |
| २३ | भजन , सागबारी-३ | १००००० |
| २४ | श्री बालकुमारी लोकेश्वर दाफा भजन , ४ | १००००० |



स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

२०८२।१।२१

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| २५ | श्री दिपंकर बुद्ध संरक्षण तथा संबर्द्धन समिति , ४ | २००००० |
| २६ | श्री बनदेवी भजन समुह , ४ | ५०००० |
| २७ | श्री पलिस्था पुचः ४ | १००००० |
| २८ | सिवा गणेश भजन खलः ४ | १००००० |
| २९ | सिवा सायामी खलः, नौ बाजा सरक्षण, ५ | २००००० |
| ३० | श्री कोशी ईनाए गणेश बासुरी खलः-५ | १००००० |
| ३१ | श्री थिमि गुँला बाजाः खलः-५ | १००००० |
| ३२ | श्री गणेश सांस्कृतिक समाज-कुम्हानानी-५ | २००००० |
| ३२ | श्री नित्यनाथ खलः-५ | १५०००० |
| ३३ | गुङ्गचिवा दफा भजन खल-६ | १००००० |
| ३४ | विद्या गणेश भजन खल-६ | १००००० |
| ३५ | सिद्धिकाली बासुरी खलः ६ | १००००० |
| ३६ | नित्य भजन नगदेश , ७ | १००००० |
| ३७ | श्री महालक्ष्मी दाफा भजन-८ | १००००० |
| ३८ | श्री महालक्ष्मी नित्य भजन-८ | १००००० |
| ३९ | पाचो दाफा भजन खल-६ | १००००० |
| ४० | रथपूजा समिति-८ | १००००० |
| ४१ | बोदे बाजा खलः-८ | १००००० |
| ४२ | नायखिं बाजा-८ | ४०००० |
| ४३ | खपला सोमबार भजन ख-८ | ६०००० |
| ४४ | श्री कालिका माई भजन ख-८ | ६०००० |
| ४५ | श्री माधव नारायण भजन मण्डल, बोदे-८ | ६०००० |
| ४६ | श्री बोदे लाछी भजन मण्डल-८ | ६०००० |
| ४७ | श्री महालक्ष्मी भजन मण्डल-८ | ६०००० |
| ४८ | श्री पाँचो गणेश दाफा भजन -८ | १००००० |
| ४९ | श्री नीलबाराही भजन मण्डल-८ | ६०००० |
| ५० | कृष्ण भजन खलः-८ | ७५००० |
| ५१ | नील बाराही दाफा भजन (टिगनी)-९ | ५००००० |
| ५२ | निकोसेरा बाँसुरी खलः-९ | १००००० |
| ५३ | निल बाराही बाँसुरी खलः-९ | १००००० |
| | जम्मा | ९९००००० |



स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

२०८२।१।२१

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं २१ :

चालु आ.व. को janaksiddikali school शिर्षकमा बिनियोजित रु १ करोड ५० लाख मध्येबाट रु ३५ लाख रकमान्तर गरि देहायको शिर्षकमा नपुग बजेट रकम व्यवस्था गर्ने निर्णय गरियो ।

क) खरिबोट जाने बाटो स्तरोन्नती थप शिर्षकमा रु २४,००,०००।—

ख) आ.व. २०८०/०८१ मा सडक बोर्ड नेपाल सँग साझेदारीमा संचालित (1) Lokanthali bhitri bato ma dhalantatha block chhapnekarya,ward no 1&2
(2) Nawadurgamandiruttarpaschimkosadakmarmatkarya,ward no 3
(3) Sintitarpurbatarfakosadakmarmatkarya,ward no 9
कार्य ठेक्का नं MTM/NCB/WORKS/05/081/082 को निकासा प्राप्त नभएकाले सडक बोर्ड सँग म्याचिङ्ग शिर्षकमा रु ११,००,०००।- थप गर्ने ।

निर्णय नं २२ .

चालु आ.व. २०८१/०८२ मा देहायको शिर्षकहरुमा खर्च लेख्ने कार्यक्रमहरुमा खर्चको आवश्यकता देखिएको तर बजेट अपुग भएको र बजेट व्यवस्था भएका देहायका शिर्षकहरुमा बजेट पर्याप्त भई खर्च नहुने अवस्था देखिएकोले देहाय बमोजिम रकमान्तर गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.स. | शिर्षक | ब.शि.नं. | थप बजेट | घट बजेट |
|---|---|---|---|---|
| १ | विमा तथा नविकरण खर्च | २२२१४ | ० | ४०००,००० |
| २ | नगरपालिकामा भएका हार्डवेयर तथा सफ्टवेयर हरुको बार्षिक मर्मत संभार | २२४१२ | ० | ८,००,००० |
| ३ | पारिश्रमिक कर्मचारी | २११११ | | ३९,००००० |
| ४ | सेवा शुल्क करार कर्मचारी पारिश्रमिक | २२४१२ | २५००००० | |
| ५ | पोशाक | २११२२ | ० | ४,००००० |
| ६ | वेवारिसे मृतक व्यक्ति तथा पशु व्यवस्थापन कार्य | २२४१४ | ० | १००००० |
| ७ | विविध खर्च | २२७१२ | ३००००० | ० |
| ८ | पत्रपत्रिका,छपाई तथा सूचना प्रकाशन खर्च | २२३१५ | १०,००,००० | ० |
| ९ | बैठक भत्ता | २११३४ | ५००००० | ० |
| १० | स्थानीय चाडपर्व सञ्चालन सास्कृतिक प्रदर्शनी | २५३१४ | ६००००० | ० |
| ११ | फर्निचर तथा फिक्चर्स | ३११२३ | २००००० | |



स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७२

२०८२।१।२१
राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| १२ | अन्य कार्यक्रम कार्यक्रम खर्च | २२५२२ | ३००००० | ० |
| १३ | अनुगमन मूल्यांकन खर्च | २२६११ | २००००० | ० |
| | कुल जम्मा | | ५६००००० | ५६००००० |

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका
२०७३